# BinaxNOW COVID-19 Antigen Self-Test कसरी प्रयोग गर्ने

## चरण 1

परीक्षण स्थलमा गएर यो परीक्षण किट लिएर आउनुहोस् ।

## चरण 2

परीक्षण किटसँगै दिइएका सबै निर्देशनहरू पढ्नुहोस् ।

## चरण 3

परीक्षण स्थलभन्दा बाहिर परीक्षण गर्नुहोस् र आफ्ना नतिजाहरू प्राप्त गर्न 15 देखि 30 मिनेट पर्खनुहोस् ।

## चरण 4

नतिजाहरूका बारेमा **healthvermont.gov/reportresults** मा जानकारी गराउनुहोस् र एउटा संक्षिप्त फाराम भर्नुहोस् ।

**तपाईंले आफ्नो परीक्षणका नतिजाहरूका बारेमा जानकारी गराउनु जरुरी हुन्छ । तपाईंको जवाफ गोप्य रहन्छ ।**

### भाषा अनुवाद सेवाहरू

1. 1-413-216-4975 डायल गर्नुहोस्
2. निर्देशन दिएपछि PIN नम्बर 6187848 र "#" चिन्ह थिच्नुहोस्
3. अटोमेटिक निर्देशन सुन्नुहोस् र भाषा छनौट गर्नुहोस्

**सामान्य सोधपुछका लागि,** बिहान 8 बजेदेखि बेलुका 6 बजेसम्म (877) 380-3029 वा support@cic-health.com मा सम्पर्क गरेर सहायता लिनुहोस् ।

Nepali

CIC Health

VERMONT DEPARTMENT OF HEALTH

# धेरैजसो सोधिने प्रश्नहरू

**BinaxNOW™ COVID-19 Antigen Self-Test भनेको के हो ?**
BinaxNOW COVID-19 Antigen Self-Test भनेको लेटरल फ्लो इम्युनोएसे हो जसको उद्देश्य कम्तीमा पनि 36 घण्टाको अन्तरालमा तीन दिनमा दुई पटक गरिएको परीक्षणमा लक्षणहरू भएका वा नभएका वा अन्य महामारीजन्य कारणहरूले गर्दा COVID-19 सङ्क्रमणको शङ्का गरिएका व्यक्तिहरूमा फेला परेको SARS-CoV-2 भाइरसबाट न्यूक्लियोक्याप्सिड प्रोटिन एन्टिजेनको गुणात्मक पहिचान गर्नु हो । यस परीक्षण किटलाई 15 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूमा आफै आफ्नो नाकबाट लिइएको एन्टेरियर नेजल स्वाब वा दुई वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूमा अरू वयस्क व्यक्तिद्वारा नाकबाट लिइएको एन्टेरियर नेजल स्वाबको प्रिस्क्रिप्सनविना नै घरमा प्रयोग गर्न अनुमति दिइएको छ ।

**मोलिक्युलर परीक्षणको तुलनामा BinaxNOW COVID-19 Antigen Self-Test कस्तो हुन्छ ?**
एन्टिजेन परीक्षण भाइरसका लागि एकदमै विशिष्ट हुन्छन् तर त्यो मोलिक्युलर परीक्षण जति सटीक हुँदैन । यसर्थ पोजिटिभ नतिजा आउँदा नतिजा सही भएको मानिन्छ तर नेगेटिभ नतिजा आउँदा सङ्क्रमणलाई नकार्न सकिँदैन ।

**यो किटमा किन दुईवटा परीक्षण किटहरू हुन्छन् ?**
BinaxNOW का अनुसार, यो परीक्षण किट मानिसहरूले कम्तीमा पनि 36 घण्टाको अन्तरालमा तीन दिनमा दुई पटक विना प्रिस्क्रिप्सन (ओभर-द-काउन्टर) वा स्व-प्रयोग गर्न सक्ने गरी तयार गरिएको छ । समावेश गरिएका दुईवटा परीक्षण किटहरूका सहायताले व्यक्तिहरू सिफारिस गरिएको प्रयोग पूरा गर्न सक्छन् ।

**मेरो परीक्षणको नतिजा पोजिटिभ आएमा के गर्ने ?**
तपाईंको परीक्षणको नतिजा पोजिटिभ आयो भने यस कार्डको अर्को भागमा भएको लिङ्कमार्फत आफ्ना नतिजाहरूका बारेमा जानकारी गराउन नबिर्सनुहोस् । थप दिशानिर्देशका लागि, यहाँ जानुहोस्:
**healthvermont.gov/covid19positive**

**BinaxNOW COVID-19 Antigen Self-Test का बारेमा थप जान्न यहाँ जानुहोस्:** bit.ly/33uB6Tv